# लेकम गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १, संख्याः ३२, मितिः २०८१/०१/२४

## भाग -२

## बालक्लब र समूह परिचालन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

**प्रस्तावना:** नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुयाउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल क्लव गठन तथा समूह परिचालन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको नमुना निर्देशिकालाई आधार मानी यस गाउँपालिका भित्र बाल क्लव तथा संजाल गठन र व्यवस्थापन मार्फत सार्थक बाल सहभागिता सुनिश्चित गर्नका लागि लेकम गाउँपालिकाले बाल क्लव समूह परिचालन कार्यविधी २०८० जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम बालक्लब र समूह परिचालन कार्यविधि, २०८० रहेको छ ।
(ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) **बालबालिका** भन्नाले १८ वर्ष मुनिको उमेरका व्यक्तिलाई सम्झनु पर्छ ।

ख) **बालक्लब समूह** भन्नाले विद्यालय वा समुदाय स्तरमा बालबालिकाले आफ्नो हक अधिकारको संरक्षण र क्षमता विकासको लागि गठन गरेको बालक्लब समूह सम्झनु पर्छ ।

ग) **गाउँपालिका** भन्नाले लेकम गाउँपालिका सम्झनु पर्छ ।

घ) **कार्य समिति** भन्नाले बालक्लबको क्रियाकलाप सञ्चालन गर्नको लागि बालक्लबकै सदस्यहरूबाट छानिएर निर्माण गरिएको समिति सम्झनु पर्छ ।

ङ) **पदाधिकारी** भन्नाले यसै निर्देशिका अनुसार गठन भएका बालक्लब समूहको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव कोषाध्यक्ष र कार्यसमितिका सदस्यहरूलाई सम्झनु पर्दछ ।

च) **संरक्षक** भन्नाले:

- गाउँस्तरीय सञ्जालको लागि गाउँपालिकाको प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।
- वडास्तरीय बालक्लबको हकमा गाउँपालिकाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यलाई सम्झनु पर्छ ।
- विद्यालयस्तरमा विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षकलाई सम्झनु पर्दछ ।

छ) **सञ्जाल (नेटवर्क)** भन्नाले लेकम गाउँपालिकाभित्र रहेका विभिन्न बालक्लबहरूको प्रतिनिधिहरूको भेलाले सबै क्लबहरूको साझा भलाइका लागि काम गर्न समावेशी सहभागिताको आधारमा गठन गरिएको ७ देखि २१ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

ज) **साधारण सदस्य** भन्नाले कार्यसमितिमा आवेदन पेस गरी नियमअनुसार सदस्यता प्राप्त बालबालिकालाई सम्झनु पर्दछ ।

३. **बालक्लबको गठन तथा सञ्चालन:** लेकम गाउँपालिका अन्तर्गत बालक्लब समूहहरूको व्यवस्थित रूपले सञ्चालन गर्न आफ्नो कार्यक्षेत्र, समुदाय एवं विद्यालयहरूमा निम्नानुसारका बालक्लबहरू गठन गरिनेछ:

क) ६ वर्षदेखि ११ वर्ष उमेरका बालबालिकाको लागि खेल समूह तथा पूर्व बालक्लब ।

ख) १२ देखि १८ वर्ष उमेरका बालबालिकाको लागि बालक्लब-बाल सञ्जाल

ग) ६ देखि ११ वर्ष उमेरका समूहका बालबालिकाहरूले आफूभन्दा ठुला दाइदिदीहरू, आफ्ना अभिभावक, संरक्षक एवं सहयोगीहरूको सहयोगमा कम्तीमा ७ जना वा सोभन्दा माथि सदस्यहरू रहने गरी बाल क्लब-समूह गठन गर्ने छन् । यस्ता समूहहरू खेल समूहको रूपमा तथा बालक्लबको रूपमा परिचालित हुन सक्नेछन् ।

घ) १२ वर्षदेखि १८ वर्ष उमेर समूहका बालबालिकाहरू कम्तीमा ७ जनाको कार्य समितिसहित कम्तीमा १३ जना वा सोभन्दा बढीमा आवश्यकता अनुसारको सदस्य संख्यामा बालक्लब गठन गरी परिचालित हुन्छन् ।

ङ) सबै बालक्लब-समूहहरूलाई गाउँपालिकास्तरीय बाल सञ्जालमा आबद्ध गराउनका लागि प्रोत्साहन गरिनेछ ।

च) बालक्लब दर्ता गरी वडाको हकमा अनुसूची - १ र गाउँको हकमा अनुसूची - २ बमोजिमको प्रमाणपत्र दिइनेछ।

४. **कार्यक्षेत्र:** बाल क्लबको कार्यक्षेत्र समुदाय र विद्यालय रहनेछ । अन्य क्षेत्रको आवश्यकता भएमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

५. **सदस्यता:** (क) विद्यालयमा सञ्चालित बालक्लब-समूहको हकमा विद्यालयमा अध्ययनरत बालबालिकाहरू विद्यालयमा रहुन्जेलमात्र बालक्लब-समूहको सदस्य हुन योग्य हुनेछन् ।

(ख) समुदायमा रहेका बालबालिकाहरू १८ वर्ष उमेर पूरा नहुन्जेलसम्म बालक्लब समूहका सदस्य रहन सक्नेछन्।

(ग) बालक्लब समूहमा निम्नलिखित प्रकारका सदस्य रहन सक्नेछन्:

अ) साधारण सदस्य

आ) संस्थापक सदस्य

६. **सदस्यता प्राप्त गर्ने विधिः**

(क) इच्छुक बालबालिकाले आफ्नो उमेर खुलाई बालक्लब समूहमा आबद्धताका लागि आवेदन गरेपछि कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछन् ।

(ख) बालक्लब समूहको सदस्यता लिनको लागि प्रत्येक सदस्यले कार्यसमितिले तोकेबमोजिमको प्रवेश शुल्क र मासिक शुल्क तिर्नु पर्नेछ वा निःशुल्क समेत हुन सक्नेछ ।

(ग) शुल्क लिने नलिने वा कति लिने भन्ने कुरा बालक्लब समूहको कार्य समितिले तोकेबमोजिम हुनेछ ।

(घ) स्थापना कालका सदस्यहरू संस्थापक सदस्य हुनेछन् ।

७. **साधारण सभा:**

(क) प्रत्येक बालक्लब समूहको साधारण सभा वर्षको एकपटक बस्नेछ, सम्बन्धित समूहका सबै सदस्यहरू उक्त भेलाका साधारण सभाका सदस्य हुन योग्य हुनेछन् ।

(ख) साधारण सभामा क्लबको गतिविधि समावेश गरी आवश्यक नीति तथा कार्ययोजना तयार गर्ने साथै विगतको कार्यक्रमहरूको बारेमा समेत समीक्षा गरिनेछ ।

(ग) प्रत्येक वर्ष बस्ने साधारण सभाले वार्षिक आयव्यय तथा कार्यक्रम पारित गर्नुका साथै नयाँ कार्य समिति गठन गर्नेछ ।

(घ) साधारण सभाले अन्य आवश्यक कार्यहरू गर्नेछ ।

(ङ) साधारण सभाले कार्यसमितिलाई विशेष सहयोग र सरसल्लाह दिनेछ ।

(च) साधारण सभामा उपस्थित हुनको लागि सम्पूर्ण सदस्यहरूलाई कम्तीमा ७ दिन अगावै सूचना दिनुपर्नेछ ।

(छ) साधारण सभाको वैधानिक सञ्चालनका लागि कूल सदस्य संस्थाको कम्तीमा एक तिहाइ उपस्थित हुनु पर्नेछ। यदि गणपूरक संख्या प्रयाप्त हुन नसकेर स्थगन गरिएको बैठक सोही विषयउपर छलफल तथा निर्णय गर्नका लागि स्थगित भएको मितिले ७ दिनसम्ममा पुनः बस्न सक्नेछ । यस पुनः बस्ने बैठकका लागि जेजति सदस्यहरू उपस्थित छन् त्यसैलाई गणपूरक संख्या मानी बैठक सुचारु रूपमा अगाडि बढ्न सक्नेछ ।

(ज) साधारण सभामा उपस्थित पदाधिकारीहरू तथा सदस्यहरूको उपस्थितिको, छलफलको विषयसूची र विषयसूची अनुसार छलफल गरिएको निर्णयलाई निर्णय पुस्तिका (माइन्युट) मा लेखेर राखिने छ । यसको प्रमाणीकरणका लागि सभाको सभापति, सचिव र कम्तीमा एक जना साधारण सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(झ) प्रत्येक साधारण सदस्यलाई मतदानको अधिकार हुनेछ ।

## ८. कार्यसमितिको गठन विधि तथा पदावधिः

(क) साधारण सभाले प्रत्येक १ वर्षमा आफ्ना सदस्यहरूबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र बाँकी सदस्यहरूको समावेशिताको आधारमा निर्वाचन गरी घटीमा ७ र बढीमा १३ जनाको कार्य समिति गठन गर्नेछ ।

(ख) यसरी गठन भएको कार्यसमितिको पदावधि १ वर्षको हुनेछ ।

(ग) कार्यसमितिका पदाधिकरीहरू पुनः निर्वाचित हुन सक्नेछन् तर १ वर्ष अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र उपाध्यक्ष पदमा बहाल पदाधिकारी भने सोही पदमा पुनः निर्वाचित हुन सक्ने छैनन् ।

(घ) कम्तीमा ५० प्रतिशत सदस्यहरू बालिका हुनुपर्नेछ तर विशेष उद्देश्यले गठन भएका बालक्लबहरूको हकमा यो लागू हुने छैन । ५० प्रतिशत बालिका नपुगे पनि बालक्लब कायम नै रहनेछ ।

(ङ) एउटै समयमा कुनै एक समूहका महत्त्वपूर्ण पदमा बहाल रहेको पदाधिकारी सोभन्दा माथिल्लो तहको बाल मञ्च-सञ्चालनको मुख्य पदमा बहाल रहेमा स्वतः तल्लो पद निस्क्रिय रहनेछ र यस्तो पदमा अर्को व्यक्ति मनोनयन हुन सक्नेछ ।

(च) बाल समूहमा १ व्यक्ति १ पदको सिद्धान्त लागू गरिनेछ ।

## १०. कार्य समितिको बैठकः

(क) अध्यक्षको सल्लाहअनुसार सचिवले कार्यसमितिको बैठक बोलाउनेछ ।

(ख) कार्य समितिको बैठक कम्तीमा नियमित रूपमा महिनामा एक पटक बस्नेछ ।

(ग) कार्यसमितिका पदाधिकारीहरू बैठकमा तीन पटकभन्दा बढी नियमित रूपमा विनासूचना अनुपस्थित भएको खण्डमा पद स्वतः खारेज हुनेछ । त्यस्तो रिक्त पदका लागि सल्लाहकार तथा संरक्षकको परामर्शमा कार्यसमितिले बाँकी सदस्यहरू मध्येबाट पुनः मनोनयन गर्न सक्नेछ ।

(घ) सचिवको अनुपस्थितिमा अध्यक्ष आफैंले वा सहसचिवमार्फत बैठक बोलाउन सक्नेछन् ।

## ११. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

### ११.१ अध्यक्षः

क) बालक्लब-समूहको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

ख) बालक्लब-समूहको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।

ग) मत बराबर भएमा निर्णायक मत दिने ।

घ) बालक्लब-समूहको उद्देश्य पूरा गर्न अन्य आवश्यक कामहरू गर्ने ।

ङ) कार्यसमिति, विद्यालय, अभिभावक, समुदाय, गाउँपालिकाका अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाबिच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

च) कुनै क्षेत्रको कार्यक्रममा जानका लागि आफ्नो कार्यसमितिको बैठक बस्न नसक्ने अवस्थामा पछि समर्थन जुटाउने गरी बालक्लबका प्रतिनिधि चयन गर्ने ।

**११.२ उपाध्यक्षः**

क) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएका सम्पूर्ण कार्यहरू गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कामहरू गर्ने ।

**११.३ सचिवः**

क) कार्य समितिको बैठक बोलाउने र बैठकमा राखिने विषयहरूको बारेमा अग्रिम जानकारी सबैलाई दिने ।

ख) बालक्लब-समूहको तर्फबाट पत्राचार गर्ने ।

ग) कार्य समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

घ) बालक्लबका सदस्यहरूको सूचना अद्यावधीकरण समूहले गरेको मुख्यमुख्य कामको प्रगति प्रतिवेदन तयार गरी अद्यावधीकरण गर्ने, वार्षिक भेलामा गत वर्षका प्रगति एवं आगामी वर्षको योजना तयार गरी छलफल तथा पारितका लागि पेस गर्ने ।

ङ) बैठकको उपस्थिति उठाउने तथा निर्णहरूको अभिलेख राख्ने ।

**११.४ सहसचिव**

क) सचिवको अनुपस्थितिमा निजले गरी आएका सम्पूर्ण कार्यहरू गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

ग) सचिवको काममा सहयोग गर्ने ।

**११.५ कोषाध्यक्ष**

क) बालक्लब-समूहको आम्दानी खर्च तथा हरहिसाब रीतपूर्वक राख्ने ।

ख) क्लबको सम्पूर्ण नगदी जिन्सीहरूको जिम्मेवारी लिई त्यस सम्बन्धी श्रेस्ता अद्यावधिक राख्ने ।

ग) क्लबको आयव्ययको विवरण कार्यसमिति र साधारण सभामा पेस गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**११.६ सदस्यः**

क) बालक्लबको बैठकमा नियमित उपस्थित हुने।

ख) बालक्लबको हितका लागि सधैं प्रयत्नशील रहने ।

ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्यसमितिले तोकेको अन्य कार्य गर्ने ।

**१२. <u>नेटवर्क (मञ्च-सञ्जाल):</u>** (क) गाउँपालिकास्तरीय बाल सञ्जाल नेपालको संविधान (२०७२) स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालमैत्रि स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ तथा कार्यान्वयन कार्यविधि २०६८ को भावना बमोजिम वार्षिक रूपमा विभिन्न विद्यालय, समुदाय र कार्यक्षेत्रमा रहेका बालक्लब-समूहहरूबिच आवश्यक समन्वय र सहकार्यको अवस्था सुनिश्चित गर्दै बालक्लब परिचालनमा सहयोग पुर्याउन साथै गाउँपालिका स्तरीय बालसरोकारका विषयहरूमा बालसहभागिता सुनिश्चित गर्ने उद्देश्यले प्रत्येक गाउँपालिकाले बालक्लब-समूहहरूबिच गाउँपालिकास्तरीय भेला सञ्चालन गरी बालबालिकाको समावेशी सहभागितामा ७ देखि २१ सदस्यीय गाउँपालिकास्तरीय बाल सञ्जाल गठन एवं परिचालनसम्बन्धी व्यवस्थाको सुनिश्चितता गर्न प्रमुख भूमिका खेल्न

सक्नेछ । सो कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्नु बालबालिकाको हकअधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाको दायित्व हुनेछ । गाउँपालिकास्तरीय बाल सञ्जाल गठन तथा अन्य व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(ख) गाउँपालिकास्तरीय बाल मञ्च (सञ्जाल) का पदाधिकारीको पदावधी १ वर्षको रहनेछ ।

(ग) गाउँपालिकास्तरीय बाल सञ्जालका काम, कर्तव्य र अधिकारहरूः

- बालअधिकार प्रवर्धन र सामाजिक रुपान्तरणको निम्ति क्रियाशील रहने ।
- बालसरोकारका विषयहरूमा गाउँपालिकासँग वकालती गर्ने ।
- वार्षिक कार्ययोजना तयार गरी सम्बन्धित गाउँपालिकास्तरीय सरोकार निकायहरूलाई बालबालिकाको तर्फबाट राय उपलब्ध गराउने ।
- आफ्नो गाउँपालिका अन्तर्गत रहेका बालक्लबको विवरण तयार पार्ने सहजीकरण गर्ने तथा समूहहरूको आवश्यकता अनुसार अनुगमन एवं सुपरिवेक्षण गर्ने ।

१३. **संरक्षकः** संरक्षक भन्नाले गाउँपालिकाको अध्यक्ष वा वडा अध्यक्ष, विद्यालयका प्र.अ.-शिक्षक वा गाउँपालिकाले तोकेको व्यक्ति वा सम्बन्धित ऐनकानुनले तोकेको व्यक्तिलाई जनाउनेछ । संरक्षकले आवश्यकता अनुसार बालबालिकाको उच्चतम हितलाई ध्यानमा राखी सल्लाह सुझाव एवं अन्य आवश्यक सहयोग गर्नुपर्नेछ ।

१४. **कोषको व्यवस्थाः** क) साधारण सदस्य प्रवेश शुल्क एवं मासिक-वार्षिक सदस्यता शुल्क बापत प्राप्त रकम

ख) स्थानीय निकाय, विद्यालय, समुदाय तथा अन्य संघसंस्थाबाट प्राप्त रकम

ग) नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग रकम

घ) अन्य विभिन्न स्रोतबाट रकम

ङ) चन्दा, सहयोग तथा बालक्लबबाट कोष संकलनका लागि विभिन्न अभियानबाट संकलित रकम ।

१५. **कोष सञ्चालनः** क) पायक पर्ने कुनै बैंक वा वित्तिय संस्थामा क्लबको खाता खोलिने छ ।

ख) बैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालित हुनेछ ।

ग) बैंक खाताको व्यवस्था नहुन्जेलसम्म सम्बन्धित गाउँपालिका तथा संरक्षकको सल्लाह बमोजिम गर्नुपर्नेछ ।

१६. **आबद्धता, दर्ता र नवीकरणः** (क) कुनै पनि बालक्लबको आफ्नो गतिविधि सञ्चालन गर्नुभन्दा पहिला गाउँपालिकामा दर्ता गराउनु पर्नेछ । बालसहभागिता प्रवर्द्धनका लागि गाउँपालिकाको वडा कार्यालयले बालक्लब दर्ता भएका बाल क्लबहरूको सूची गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

(ख) हरेक आर्थिक वर्षमा क्लबलाई सम्बन्धित वडाले नवीकरण गराउनु पर्नेछ । वडाले नवीकरण सूची गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(ग) दर्ता, नवीकरण तथा अन्य शुल्क गाउँपालिकाले तोकेबमोजिम वा निःशुल्क रूपमा समेत गर्न सक्नेछ ।

(घ) एक वर्षसम्म पनि नवीकरण नगरेमा बाल क्लबको दर्ता स्वतः रद्ध हुनेछ । गाउँपालिकाले कुनै शुल्क लिई वा निःशुल्क रूपमा बालक्लब दर्ता एवं नवीकरण गर्न सक्नेछ ।

१७. **लेखा परीक्षणः** बैङ्क खाता सञ्चालन गरी कार्यरत बाल क्लबहरूको क्लबको आयव्ययको हरेक वर्ष लेखापरीक्षण गराउनु पर्नेछ । समूह-क्लब नवीकरणको लागि लेखापरीक्षण प्रतिवेदन आवश्यक पर्नेछ । यस्तो लेखा परीक्षण राजिस्टर्ड लेखा परीक्षक वा माध्यमिक विद्यालयको लेखा विषयको शिक्षकबाट वा बालक्लब समूहले ३ सदस्यीय लेखा परीक्षण समिति गठन गरी सोही समितिमार्फत लेखा परीक्षण गराउन सक्नेछ । उल्लिखित ३ वटा

तरिकाहरूमध्ये बालक्लब-समूहलाई जुन तरिका सहज हुन्छ, सोही अपनाउन सक्नेछन् । यस कार्यमा गाउँपालिका आवश्यक सहजीकरण गर्नेछ ।

१८. **बालक्लब-समूहको छाप, लोगो तथा लेटरपेडः**

- बालक्लबको लोगो गोलो घेराभित्र सम्बन्धित बालक्लबको नाम र ठेगाना, स्थापना मिति साथै त्यसको बीचमा आवश्यकता अनुसार बालक, बालिका, विद्यालय, पुस्तकको नमुना राख्न सकिनेछ वा गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।
- प्रत्येक बालक्लबले आफ्नो लोगोअनुसारको छाप बनाउन सक्नेछन् ।
- प्रत्येक बालक्लबले आफ्नो लोगो उल्लेख गरी क्लबको लेटरहेड तयार गरी प्रयोग गर्न सक्नेछन् ।
- प्रत्येक बालक्लबले आफ्नो लोगो उल्लेख गरिएको परिचयपत्र तयार गरी प्रयोगमा ल्याउन सक्नेछन् । परिचयपत्र संरक्षकद्वारा प्रमाणित गरिएको हुनु पर्नेछ ।
- परिचय पत्रको म्याद तोकिएको समय अवधिसम्म क्रियाशील रहनेछ ।

१९. **सल्लाहकार समितिः** प्रत्येक बालक्लब सञ्चालको निम्ति सुझाव दिनको लागि तीनदेखि पाँच सदस्यीय सल्लाहकार समिति गठन गरिनेछ । सो समितिमा बालबालिकाहरू ३ जना र अन्य २ जना बालबालिकाको क्षेत्रमा काम गरेका उल्लेखनीय व्यक्ति वा सम्बन्धित बालक्लबको सहजकर्तामध्येबाट मनोनयन गरिनेछ । बालक्लब-समूहका पूर्व अध्यक्षहरू सल्लाहकार समितिमा रहन सक्नेछन् ।

२०. **बालक्लब-समूहको विघटनः** कुनै कारणवश बालक्लब-समूह सञ्चालन हुन नसकी विघटित भएमा विद्यालयमा आधारित क्लबको चल अचल सम्पत्तिहरू सम्बन्धित विद्यालयमा समुदायमा आधारित बालक्लब-समूहको सम्पत्तिहरू गाउँपालिकाको नाममा स्वतः आउनेछ ।

२१. **मान्यताप्राप्त वा सम्बन्धन प्राप्तिः** यसअघि विद्यालय, समुदायमा जिल्ला बालकल्याण समितिमा दर्ता भएका बालक्लब-समूहहरू यसै निर्देशिका बमोजिम पुनः दर्ता नवीकरण गरेपछि मात्र मान्यता प्रदान गरिनेछ ।

२२. **बाधा अड्काउ फुकाउ तथा संशोधनः** (१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

**(१७) खारेजी र बचाउः** (१) यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेको बालक्लब गठन कार्यविधि, २०८० खारेज गरिएकोछ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यस बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची – १ : दफा ३ (च) सँग सम्बन्धित**

लेकम गाउँपालिका

.......नं. वडा कार्यालय

................,दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

दर्ता-आबद्धता प्र.प.नं. ..............

बाल अधिकारको प्रवर्धनमा अभिव्यक्त सामूहिक प्रतिबद्धताको सम्मान गर्दै दार्चुला जिल्ला लेकम गाउँपालिका वडा नं.........को ..........................................लाई नेपालको संविधान २०७२, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र बालबालिकासम्बन्धि प्रचलित राष्ट्रिय ऐनकानुन अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बालक्लब-समूह-मञ्च-सञ्जालको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बालक्लब/समूह/मञ्च/सञ्जालको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दै बालक्लब दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ................ | .......................... | ............................ |
| तयार पार्ने | वडा सचिव | वडा अध्यक्ष |

**अनुसूची – २ : दफा ३ (च) सँग सम्बन्धित**

लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# बालसञ्जाल दर्ता प्रमाणपत्र

दर्ता नं. : ............ मिति : ........................

बाल अधिकारको प्रवर्धनमा अभिव्यक्त सामूहिक प्रतिबद्धताको सम्मान गर्दै दार्चुला जिल्ला लेकम गाउँपालिकाको .................................................................. बालक्लब सञ्जाललाई नेपालको संविधान २०७२, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र बालबालिकासम्बन्धी प्रचलित राष्ट्रिय ऐनकानुन अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बालक्लब सञ्जालको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बालक्लब सञ्जालको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दै बाल सञ्जाल दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ................ | .......................... | ............................ |
| तयार पार्ने | प्रमुख प्रशासकीय अधिकृत | पालिका अध्यक्ष |

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका